बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

श्री

बैठक संख्याः

आज मिति २०८३ साल श्रावण १९ गते दिउसो १:०० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | | |
|---|---|---|---|
| १६. | | श्री [illegible]कर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, स.प्र.अ | |

प्रस्तावहरु :

१. सामुदायिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थापन मापदण्ड -२०८३ को संशोधन सम्बन्धमा ।

२. सामुदायिक विद्यालयमा आवासीय कार्यक्रम सञ्चालन मापदण्ड स्वीकृति सम्बन्धमा ।

३. शिक्षक व्यवस्थापन सम्बन्धमा ।

४. डायलासिस सेवा सञ्चालनका लागि जनशक्ति तयार तथा सामाग्री व्यवस्थापन सम्बन्धमा ।

५. वार्षिक खरिद योजना तयार सम्बन्धमा ।

६. भूमि प्रशासन कार्यालय सञ्चालन सम्बन्धमा ।

७. विविध

क) कोल्डस्टोर सञ्चालन सम्बन्धमा ।

ख) एम्बुलेन्स र ट्र्याक्टर र टिप्परको सम्झौता अवधि थप सम्बन्धमा ।

ग) आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

निर्णय नं. १

- विधेयक समितिबाट दफावार छलफल भई आएको **"सामुदायिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थपान मापदण्ड (पहिलो संशोधन) -२०८३"** स्वीकृत गर्ने ।

निर्णय नं. २

- विधेयक समितिबाट दफावार छलफल भई आएको **"सामुदायिक विद्यालयमा आवासीय कार्यक्रम सञ्चालन मापदण्ड- २०८३"** स्वीकृत गर्ने ।

निर्णय नं. ३

- बर्दघाट नगरपालिकाको तह मिलान, दरबन्दी मिलान र विद्यालयको वर्गीकरण गर्न गठित समितिको सिफारिस बमोजिम खुद पुलमा रहने अवस्था भएका तपसिलका विद्यालयका शिक्षकहरुलाई शिक्षक विद्यार्थी अनुपात बढि भएका र कक्षागत रुपमा शिक्षक पर्याप्त नभएका विद्यालयमा थप दरबन्दी सहित स्थानान्तरण गर्ने।

| दरबन्दी पुलमा देखिएको विद्यालयको नाम | पुलमा रहको दरबन्दीको तह/सङ्ख्या | थप दरबन्दी सहित स्थानान्तरण हुने शिक्षकको नाम/तह | दरबन्दी थप हुने विद्यालयको नाम |
|---|---|---|---|
| राजा महात्मा पूर्णभद्र मा.वि, बर्दघाट-९ | प्राथमिक तह (सङ्ख्या १) | मिलन चापागाई (सं.नं.१९३९५१)/ प्राथमिक तृतीय | नवदिव्य ज्योति आ.वि., बर्दघाट-४ |
| सरस्वती मावि, बर्दघाट-१४ | प्राथमिक तह (सङ्ख्या १) | श्रीजना थापा क्षेत्री (सं.नं.२१०१९९)/ प्राथमिक तृतीय | शिरोमणी प्रा.वि, बर्दघाट-११ |

निर्णय नं. ४

- बर्दघाट नगर अस्पतालमा डायलासिस सेवा सञ्चालनका गर्न नियमित रुपमा इलेक्ट्रिसियन आवश्यक पर्ने भएकोले विनियोजित बजेटबाटै खर्च हुनेगरी दैनिक ज्यालादारीमा इलेक्ट्रिसियन नियुक्त गरी तालिममा पठाउने तथा सो को लागि आवश्यक पर्ने सामाग्री उपलब्ध गराउने ।

निर्णय नं. ५

- "सार्वजनिक खरिद नियमावली, २०६४" को नियम (८) वमोजिम आर्थिक वर्ष २०८३/०८४ को लागि बर्दघाट नगर कार्यपालिकाको कार्यालयबाट तयार भई आएको वार्षिक खरिद योजना, कार्ययोजना र कार्यक्रम कार्यान्वयन कार्यतालिका पारित गर्ने ।

- आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा चैत्र मसान्तसम्म ७० प्रतिशत पूँजीगत खर्चको लक्ष्य हासिल गर्नको लागि उपभोक्ता मार्फत सँचालन हुने आयोजनाहरु प्रभावकारी तवरले कार्यान्वयन गर्न देहाय वमोजिम प्रवन्ध मिलाउने ।

तपसिल

- उपभोक्ता समिति गठनः मिति २०८३ साल असोज मसान्तसम्म ।
- उपभोक्ता समितिलाई तालिमः मिति २०८३ साल कार्तिक मसान्तसम्म।
- योजना सम्झौताः मिति २०८३ साल मार्ग मसान्तसम्म ।
- कार्य सम्पन्नः मिति २०८४ साल चैत्र मसान्तसम्म ।
- भुक्तानी फरफारकः मिति २०८४ साल बैशाख मसान्तसम्म ।
- रु. १० लाख माथिका आयोजनाहरु अनिवार्य रुपमा ठेक्का प्रकृयाबाट सञ्चालन गर्ने ।

निर्णय नं. ६

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ढ) र सोही दफाको उपदफा ५ वमोजिमको भूमि प्रशासन सम्बन्धी कामहरु बर्दघाट नगरपालिका वडा नं ४ अन्तर्गत रहेको साविक माकर गा. वि. स. को कार्यालयको नवनिर्मित भवनबाट सँचालन गर्न आवश्यक व्यवस्थाका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौंलाई अनुरोध गर्ने ।

निर्णय नं. ७ विविधः

क) बर्दघाट नगरपालिका वडा नं ४ स्थित नगरपालिकाको लगानीमा निर्माण भएको कोल्डस्टोर सञ्चालन गर्न सहकारी, कृषक समूहसँग प्रस्ताव आह्वान गरी सञ्चालन गर्ने प्रवन्ध मिलाउने ।

ख) बर्दघाट नगरपालिकाको स्वामित्वमा रहेका सवारी साधन एम्बुलेन्स, ट्र्याक्टर र टिप्पर विभिन्न संघ/संस्था तथा अस्पतालले सम्झौता गरी सञ्चालन गर्दै आएको समयावधि मिति २०८३ साल आषाढ मसान्तमा पुरा भएकोले मिति २०८४ साल आषाढ मसान्तसम्म थप गर्ने ।

ग) बर्दघाट नगरपालिका वडा नं २ चिसापानी बस्ने सिता भट्टराईको श्रीमान कासिराम पाण्डको रोजगारीको शिलशिलामा दक्षिण अफ्रिकी मुलुकमा मृत्यु भएकोले मृतकको पार्थिव शरिर काठमाण्डौदेखि बर्दघाट-२, चिसापानी घरसम्म ल्याउन आर्थीक अवस्था कमजोर भई नसक्ने भएकोले शव वाहन खर्च रु २५०००/- (रुपैया पच्चिस हजार) मात्र उपलब्ध गराउने ।